मर्स्याङ्दी गाउँपालिकाको आधिकारीक मासिक प्रकाशन

# मर्स्याङ्दी बुलेटीन

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"

वर्षः ३ | अङ्क : २० | मिति : २०८१ माघ १० गते, बिहिबार

संरक्षक : अर्जुन गुरुङ, अध्यक्ष | सल्लाहकार : अर्जुन चपाई, प्र.प्र.अ | प्रकाशक : मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

जेष्ठ नागरिक सम्मान | नेतृत्व विकास | कृषि | शिक्षा | स्वास्थ्य



## मर्स्याङ्दी गाउँपालिकाद्वारा

## ८४ वर्ष माथिका ज्येष्ठ नागरिकलाई न्यानो सिरक वितरण ।।।









मर्स्याङ्दी गाउँपालिकाले ८४ वर्ष माथिका ज्येष्ठ नागरिकलाई जाडो याममा न्यानो कपडा (सिरक) उपलब्ध गराएको छ। वडा कार्यालयबाट संकलित विवरण अनुसार गाउँपालिकाले वडा कार्यालय, गाउँटोलमा ज्येष्ठ नागरिकलाई बोलाएर न्यानो सिरक उपलब्ध गराएको हो।

वडा कार्यालयले तोकेको स्थानमा आउन नसकेका ज्येष्ठ नागरिकको घरमै पुगेर सिरक प्रदान गरिएको मर्स्याङ्दी गाउँपालिका १ का वडाध्यक्ष रुद्रमान गुरुङले बताए । गाउँपालिका उपाध्यक्ष जुना माया थापाले वडा नं. १ का १५ जना, २ का २५ जना, ३ का ४७ जना, ४ का २२ जना, ५ का ३४ जना र ९ का ३३ जना ज्येष्ठ नागरिकलाई सिरक वितरण गरिएको बताइन्। उनका अनुसार शुक्रबार मात्रै वडा नं. ६ का ४० जना र वडा नं. ७ का १८ जना ज्येष्ठ नागरिकलाई सिरक वितरण गरिएको छ।

गाउँपालिकाभरिका ८४ वर्ष उमेर माथिका कूल २ सय ६० जना ज्येष्ठ नागरिकमध्ये वडा नं. ८ का ज्येष्ठ नागरिकलाई आइतबार न्यानो सिरक वितरण गरिने उनले बताइन् । गाउँपालिकाले ज्येष्ठ नागरिक सम्मान कार्यक्रमअन्तर्गत चालु आर्थिक वर्षमा ६ लाख बजेट विनियोजन गरेको थियो। उक्त बजेटबाट न्यानो सिरक वितरण गरिएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत अर्जुन चपाईले बताए।

गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले पालिकाले ज्येष्ठ नागरिक, महिला, बालबालिका, अपांगता नागरिकलाई लाभ हुने खालका कार्यक्रमहरु आयोजना गर्दै आएको बताए।

नेतृत्व विकास कार्यक्रम

मर्स्याङ्दी बुलेटीन

वर्षः ३ | अङ्क : २० | मिति : २०८१ माघ १० गते, बिहिबार

संरक्षक : अर्जुन गुरुङ, अध्यक्ष | सल्लाहकार : अर्जुन चपाई, प्र.प्र.अ | प्रकाशक : मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

# मर्स्याङ्दी गाउँपालिकाको टोल विकास संस्थाका अध्यक्षहरूलाई नेतृत्व विकास तालिम सम्पन्न ।।।



मर्स्याङ्दी गाउँपालिकाले वडा कार्यलयहरुमा सूचिकृत टोल विकास संस्थाको अध्यक्षहरुका लागि नेतृत्व विकास तथा क्षमता अभिवृद्दी तालिम संचालन गरेको छ । आ. व. २०८१।०८२ वार्षिक स्विकृत बजेट तथा कार्यक्रम अन्तर्गत तालिम सम्पन्न गरेको हो । मिति २०८१ माघ ३ गतेका दिन गाउँपालिकको वडा नं. १ र २ को वडा कार्यालयहरुमा सूचिकृत टोल विकास संस्थाका अध्यक्षहरुलाई वडा नं. २ को भाँचेमा पचे तमु छोंज धींको सभा हलमा तालिमको आयोजना गरिएको थियो । वडा नं. २ का वडा सदस्य सलिना बिकको अध्यक्षतामा वडा नं. १ का वडा अध्यक्ष रुद्रमान गुरुङको आतिथ्यमा सम्पन्न भएको उक्त कार्यक्रममा वडा नं. २ का वडा सदस्य सुनिता गुरुङको उपस्थिति रहेको थियो । तालिममा वडा नं. १ का ४ वटा टोल विकसा संस्थाका अध्यक्षहरु र वडा नं. २ को ७ वटा टोलका टोल विकास संस्थाका अध्यक्ष एवं प्रतिनिधिहरुको सहभागीता रहेको थियो ।




यस्तै गरी २०८१ माघ ४ गतेका दिन वडा नं. ३ र ९ का वडा कार्यालयहरुमा सूचिकृत टोल विकास संस्थाका अध्यक्षहरुका लागि वडा नं. ३ को वडा कार्यालयमा ३ नं. वडाका वडा अध्यक्ष दुधमान तामाङको अध्यक्षतामा मर्स्याङ्दी गाउँपालिकाको अध्यक्ष अर्जुन गुरुङको प्रमुख आतिथ्यमा वडा नं. ९ का वडा अध्यक्ष हरिशचन्द्र थापा, कार्यपालिका सदस्य पारकाशी गुरङ र वडा नं. ९ का वडा सदस्य समा परियार र वडा नं. ३ का वडा सदस्यहरु समन गुरुङ र तुलसी प्रसाद गुरुङको उपस्थिति रहेको थियो । तालिममा वडा नं. ३ र ९ का सबै टोल विकास संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरुको सहभागीता रहेको थियो । मिति २०८१ माघ ६ गतेका दिन वडा नं ४ र ५ का टोल विकास संस्थाका अध्यक्षहरुका लागि वडा नं ४ को रामबजारमा कार्यक्रमको आयोजना गरिएको थियो । वडा नं. ४ का वडा सदस्य सृजना बिकको अध्यक्षतामा आयोजित तालिममा वडा नं. ५ का वडा अध्यक्ष घनश्याम घले र वडा सदस्य बुद्दि प्रसाद गुरुङको उपस्थिति रहेको थियो । जसमा वडा नं. ४ का २० वटा टोल र वडा नं. ५ का ११ वडा टोलका टोल विकास संस्थाका अध्यक्ष एवं प्रतिनिधिहरुको सहभागीता रहेको थियो ।



यस्तै गरी मिति २०८१ माघ ७ गतेका दिन मर्स्याङ्दी गाउँपालिका वडा नं. ६, ७ र ८ का टोल विकास संस्थाका अध्यक्षहरुका लागि आयोजित तालिम वडा नं ७ को ङादीमा सम्पन्न भएको छ । वडा नं. ७ को वडा अध्यक्ष तिल बहादुर गुरुङको अध्यक्षतामा संचालित कार्यक्रमको प्रमुख अतिथिको रुपमा गाउँपालिकाको अध्यक्ष अर्जुन गुरुङको प्रमुख आतिथ्यमा कार्यपालिका सदस्य मिना नेपाली र वडा सदस्य तिल कुमारी थापाको उपस्थिति रहेको थियो । तालिममा वडा नं. ६ को ११ टोल वडा नं ७ को ११ टोल र वडा नं ८ को १५ वटा टोल गरि ३७ वटा टोल विकास संस्थाका अध्यक्ष एवं प्रतिनिधिहरुको सक्रिय सहभागिता रहेको थियो ।



मर्स्याङ्दी बुलेटीन

वर्षः ३ | अङ्क : २० | मिति : २०८१ माघ १० गते, बिहिबार

संरक्षक : अर्जुन गुरुङ, अध्यक्ष | सल्लाहकार : अर्जुन चपाई, प्र.प्र.अ | प्रकाशक : मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति


# क्रमश...




मर्स्याङ्दी गाउँपालिकाको चार स्थानमा संचालित तालिम कार्यक्रमको प्रशिक्षण तथा प्रस्तुती रोजगार संयोजक एवं कार्यक्रम अधिकृत नन्दराज गुरुङले गर्नं भएको थियो । तालिममा नेता के हो? को हो ? नेतृत्व भनेको के हो ? को हो? नेतृत्वको शैलि, प्रकारका बारेमा नेता र नेतृत्वमा हुने पर्ने असल गुणहरु, आवश्यक क्षमता, नेतृत्वलाई पर्ने समस्या र चुनौतीहरु साथै त्यसल(ाई सामाना गर्ने तौर तरिका र सामर्थ्यहरुका बारेमा प्रशिक्षण दिदै, टोल विकास संस्थाका अध्यक्षहरुलाई १० प्रतिबद्दताहरु जाहेर गर्न लागई तालिम प्रदान गर्नं भएको थियो । उक्त सबै स्तानमा संचालित तालिमको सहजीकरण रोजगार सहायक विकास गुरुङले गर्नं भएको थियो भने तालिमको ब्य(वस्थापन र संयोजनको काम उद्धम विकास सहजकर्ता दिपेन्द्र भण्डारीले गर्नं भएको थियो ।

मर्स्याङ्दी गाउँपालिकाले आफ्ना योजना तथा कार्यक्र(महरुलाई समुदाय स्तरमा र टोल टोल सम्म विस्तार गर्नको लागि वडा कार्यलयहरुको योजना तथा कार्यक्रमलाई ब्यवस्थित गर्न र वडा कार्यालयको सारथिको रुपमा, जनस्तर सम्म कार्यक्रम पुर्याउन र ब्यवस्थित गर्नको लागि टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७८ जारी गरिएको छ। सो कार्यविधि अन्तर्गत मर्स्याङ्दी गाउँप(ालिकाको ९ वटा वडा कार्यालयहरुमा जम्मा ११० वटा टोल विकास संस्थाहरु सूचिकृत भएका छन् भने यी टोल विकास संस्थालाई ब्यवस्थिति र परिचालन गर्नका लागि गत आ.(व.मा कार्यविधिले परिकल्पना गरेका टोल विकास संस्थाहरुको काम, कर्तब्य र अधिकारका सम्बन्धमा अभिमुखीकरण गरिएको थियो। भने यस वर्ष उनिहरुलाई नेतृत्व विकास तथा क्षमता अभिबृद्दी तालिम प्रदान गरिएको हो। साथमा टोल विका संस्थाहरुको सशक्तिकरणको लागि संस्थालाई आवश्यक पर्ने स्टेशनरी सामाग्रीहरु र झोला बितरण गरिएको छ। टोल विकास संस्थाका अध्यक्षहरुलाई मासिक रु. १०० का दरले १ वर्ष वा १२ महिनाको जम्मा जनही रु. १,२०० संचार खर्च बितरण गरिने कार्यक्रम रहेको कुरा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जंन चपाईले बताउनु भयो। यसै गरी आगमी वर्षहरुमा टोल विकास संस्थहरुको सशक्तिकरणका लागि थप योजना तथा कार्यक्रमहरु संचालन गरिने समेत बताउनु भयो। यसरी टोल टोलका प्रतिनिधिहरुसंग सहकार्य गरी हाराभरा मर्स्याङ्दी गाउँपालिकाको निर्माण र विकास अभियान लाई सफल पार्ने दिर्घकालिन योजना रहेको कुरा समेत बताउनु भयो।

## कृत्रिम गर्भाधान सम्बन्धी सचेतना तालिम सम्पन्न ॥।








मर्स्याङ्दी गाउँपालिका पशु सेवा शाखाको आयोजनामा मिति २०८१/०९/२९ गते जनप्रतिनिधि, अगुवा कृषक, कृषक संजाल तथा व्यवसायीक पशुपालक किसानहरुको लागि आयोजित १ दिने कृत्रिम गर्भाधान सम्बन्धी सचेतना तालिम सम्पन्न भएको छ।मर्स्याङ्दी गाउँपालिकाको चालु आ.व. २०८१/०८२ मा रहेको व्यवसायीक पशुपालन प्रवर्द्धन कार्यक्रम अन्तर्गत उक्त कृत्रिम गर्भाधान सम्बन्धी सचेतना तालिम मर्स्याङ्दी गाउँपालिकाको आर्थिक विकास समिति संयोजक घनश्याम घले ज्यूको अध्यक्षतामा तथा मर्स्याङ्दी गाउँपालिका अध्यक्ष अर्जुन गुरुङज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । मर्स्याङ्दी गाउँपालिका भित्र रहेका गाईभैसीहरुमा नश्ल सुधार गरि दुध तथा मासु जन्य उत्पादन र उत्पादकत्वमा वृद्धि गरी मर्स्याङ्दी गाउँपालिका तथा पालिका भित्रका कृषकहरुलाई पशुपालन व्यवसायलाई आत्मनिर्भर बनाउदै निर्वाहमुखी व्यवसायलाई वयवसायीमुखी बनाउने हेतुले संचालित यस कार्यक्रम ५४ जना महानुभावधधहरुको सहभागीतामा उक्त तालिम सम्पन्न भएको छ ।मर्स्याङ्दी गाउँपालिका अध्यक्ष अर्जुन गुरुङज्यूले मर्स्याङ्दी गाउँपालिका कृषि र पशुपालनको लागि धेरै सम्भावनायुक्त भएकोले यो सम्भावनालाई अबसरम परिणत गर्दै उत्पादन र उत्पादकत्व वृद्धि र बजारिकरणका लागि किसानलाई सहयोग गर्न पालिका तयार रहेको बताउनु भयो।उक्त कार्यक्रममा कार्यपालिका सदस्यहरु, पशु सेवा शाखामा कार्यरत कर्मचारीहरु समेतको उपस्थिति रहेको थियो ।




## सुन्तला खेती प्रविधि सम्बन्धि १ दिनेे तालिम सम्पन्न ॥।

यस मर्स्याङ्दी गाउँपालिकाको वडा नं. ९, सेग्लेमा सुन्तला खेती प्रविधि सम्बन्धि १ दिने ता(लिम सञ्चालन गरिएको छ । मर्स्याङ्दी गाउँपालिकाको कृषि विकास शाखाको अयोजनामा भएको तालिममा आ.व. २०७९/८० मा स्थापना भएको सुन्तला पकेट क्षेत्रका कृषकलाई समेटेर तालिम आयोजना गरिएको छ । २०८१ पुष ९ गते गाउँपालिका अध्यक्ष अर्जुन गुरुङज्यू र उपाध्यक्ष जुना माया थापाज्यूसँग कृषि प्राविधिक टोलीको अनुगमन पश्चात सो पकेट क्षेत्रमा देखिएका रोग किरा र व्य(वस्थापनको समस्या हल गर्न सो तालिम आयोजना गर्ने निर्णय गरिएको हो । तालिममा कृषकलाई विष(ादी प्रयोग नगर्न, प्राङ्गारिक खेतीलाई जोड दिन, सूक्ष्म तत्वको महत्व र प्रयोग बारे सैदान्तिक र भौतिक विधीबाट प्रशिक्षभ दिइएको छ ।






# मर्स्याङ्दी बुलेटीन

वर्षः ३ | अङ्क : २० | मिति : २०८१ माघ १० गते, बिहिबार

संरक्षक : अर्जुन गुरुङ, अध्यक्ष  सल्लाहकार : अर्जुन चपाई, प्र.प्र.अ  प्रकाशक : मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति









## अकबरे खुर्सानीको नर्सरी व्यवस्थापन सम्बन्धि तालिम सम्पन्न ।।।

मर्स्याङ्दी गाउँपालिका कृषि विकास शाखाको चालु आ.व. २०८१/८२ को वार्षिक स्वीकृत पालिका स्तरीय कार्यक्रममा रहेको अकबरे खुर्सानी खेती कार्यक्रम अन्तर्गत अकबरे खुर्सानीको नर्सरी व्यवस्थापन सम्बन्धि तालिम सञ्चालन गरिएको छ । मर्स्याङ्दी गाउँपालिकाको आन्तरिक कोषबाट रु. १० लाख र अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना ईकाई, भुजङसँग को सहकार्यमा १० लाख गरी कुल २० लाख बजेट रहेको कार्यक्रम अन्तर्गत मिति २०८१/१०/०२ गते वडा नं. ५,६,७ र ८ का ३ जना कृषक र मिति २०८१/१०/०३ गते अन्नूर्ण संरक्षण क्षेत्र भित्रका ३ जना कृषक गरी जम्मा ६ जान कृषकहरुलाई तालिम प्रदान गरियो।प्राङ्गारिक तरिकाले गुणस्तरीय विरुवा उत्पादनका लागि गाउँपालिका कृषि विकास शाखाले कृषकहरुलाई नर्सरी व्यवस्थापन तालिम दिइको छ । एक्याप क्षेत्रकाभित्र पर्ने वडा नं. १, २, ३, ४ र ९ अन्तर्गत सेने, ढगैं र लामागाउँमा गरी ३ वटा र वडा नं. ५,६,७ र ८ अन्तर्गत घर्मं, खानिगाउँ र भुलभुलेमा ३ वटा गरी कुल ६ वटा नर्सरी स्थापना गरिने छ । यसै गरी एक्याप क्षेत्र अन्तर्गत वडा नं. १,२,३,४ र ९ का ७१ जना कृषकहरुको १३१ रोपनी र वडा नं. ५,६,७ र ८ का ४५ जना कृषकहरुको ५९ रोपनी रि कुल १९० रोपनीमा कृषकहरुले व्यवसायिक रुपमा अकबरे खुर्सानी खेती गर्ने भएका छन् । व्यवसायिक खेती गर्ने करषकहरुलाई विरुवामा ८०% र कृषि सामाग्री तथा सिंचाईमा ५०% अनुदान दिइने छ ।

## मर्स्याङ्दी गाउँपालिकाको आयोजना र Global Action Aborad तथा Gan Research Learning & Resource Center को सहकार्य प्राथमिक तहका शिक्षकहरुको लागि शैक्षिक सामग्री निर्माण, युवाहरुको नेतृत्व विकास र प्रधानाध्यापकहरुको लागि नेतृत्व विकास सम्बन्धी तालिम सम्पन्न ।।।

मर्स्याङ्दी गाउँपालिकाको आयोजना र Global Action Aboard तथा Gan Research Learning & Resource Center को सहकार्यमा मर्स्याङ्दी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयका प्राथमिक शिक्षकहरुको शैक्षिक सामग्री निर्माण सम्बन्धी तालिम सम्पन्न भएको छ। गत पुस २१ गतेदेखि २६ गतेसम्म भुलभुले सामुदायिक हलमा ५४ वटा विद्यालयका प्राथमिक शिक्षकहरुको लागि दुई समूहमा गरि छ दिन तालिम सञ्चालन गरिएको थियो । प्राथमिक तहमा विद्यार्थीहरुलाई सिकाईप्रती उत्प्रेरित गर्ने तथा विद्य(ार्थीको सिकाई उपलब्धी बढाउने उद्देश्यले सञ्चालन गरिएको उक्त तालिममा ५४ जना शिक्षकहरुको सहभागिता रहेको थियो । तालिमको उद्घाटन मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष हर्जंन गुरुङले गर्नंभएको थियो भने प्रशिक्षकको रुपमा न्बल च्भकभबचअज का श्रीकृष्ण श्रेष्ठ र अष्ट्रेलियन क्याथरिन र हनुभएको थियो ।

त्यसै गरि मर्स्याङ्दी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयका कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुको लागि युवा नेतृत्व विकास तालिम सञ्चालन भएको छ । गत पुस २७ गते मर्स्याङ्दी गाउँपालिका अन्तर्गतको भुलभुले सामुदायिक हलमा आयिजना गरिएको उक्त तालिमको



उद्घाटन मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङले गर्नुभएको थियो । तालिममा अमर मा.वि. खुदी, हिमचुली आवासीय मा.वि. तथा अन्य विभिन्न सामुदायिक विद्यालयका कक्षा ११ र १२ मा अध्ययनरत ९० जना विद्यार्थीहरुको सहभागिता रहेको थियो । वर्तमान समयमा समाजमा रहेका विभिन्न विकृती तथा विसङ्गतीहरुलाई हटाउन युवाहरुलाई उत्प्रेरित गर्ने तथा युवाहरुलाई स्वदेशमै बसी काम गर्न उत्प्ररित गर्ने उद्देश्यले आयोजना गरिएको उक्त तालिममा Gan Research का श्रीकष्ण श्रेष्ठले प्रशिक्षण दिनुभएको थियो । त्यसै गरि मर्स्याङ्दी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको लागि नेतृत्व विकास सम्बन्धी तालिम सम्पन्न भएको छ । गत पुस २८ गते मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङबाट उद्घाटन गरिएको उक्त तालिम माघ ३ गतेसम्म दुई समूहमा गरि चार दिनसम्म मर्स्याङ्दी गाउँपालिकाको सभाहलमा सञ्चालन गरिएको थियो । सामुदायिक विद्या(लयका प्र.अ. हरुको नेतृत्व क्षमता विकास गर्ने तथा विद्यालय व्यवस्थापनलाई मर्यादित बनाउने उद्देश्ले आयोजना गरिएको उक्त तालिममा विभिन्न प्रयोगात्मक क्रियाकलापहरु सहित नबल च्भकभबचअज  श्रीकृष्ण श्रेष्ठले प्रशिक्षण दिनुभएको थियो भने सम्पूर्ण तालिम कार्यक्रमको सञ्चालन शिक्षा शाखाका प्राविधिक सहायक राजेन्द्र प्रसाद भट्टले गर्नंभएको थियो ।










मर्स्याङ्दी बुलेटीन

वर्षः ३ | अङ्क : १९ | मिति : २०८१ पुस १० गते , बुधबार

संरक्षक : अर्जुन गुरुङ, अध्यक्ष | सल्लाहकार : अर्जुन चपाई, प्र.प्र.अ | प्रकाशक : मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

# मर्स्याङ्दी गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा पालिका स्तरिय खोप समन्वय समितिलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न ।।।







२०८१ पौष २९ गते मर्स्याङ्दी गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा एच. पि. भी. खोप अभियान २०८१ का लागि पालिकास्तरीय खोप समन्वय समितिका पदाधिकारीहरुको लागि अभिमुखीकरण तथा पत्रकार एवं संचारकर्मीहरु बीच अन्तरक्रिया गोष्ठी कार्यक्रम मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष एवम् खोप समन्वय समितिका अध्यक्ष श्री अर्जुन गुरुङज्यूको अध्यक्षतामा सम्पन्न भएको छ । उक्त कार्यक्रममा मर्स्याङ्दी गाउँपालिकाका उपाध्यक्ष, खोप समन्वय समितिका पदाधिकारीहरु, सम्पूर्ण वडाका वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यहरु, विभिन्न शाखा बाट शाखा प्रमुख तथा प्रतिनिधि ज्यूहरु एवम् प्रत्रकारहरुको उपस्थिति रहेको थियो । माघ २२ देखी फाल्गुन ६ गते सम्म देशभर संचालन हुने एच. पि. भी. खोप अभियान यस मर्स्याङ्दी गाउँपालिकामा माघ २२ देखी २४ गते सम्म संचालन हुने छ । विद्यालय जाने कक्षा ६ देखी १० सम्मका छात्राहरु र विद्यालय नजाने १० देखी १४ वर्ष सम्मका किशोरीहरुले नजिकको खोपकेन्द्रमा गई पाठेघरको मुखको क्यान्सर विरुद्धमा लगाईने जएख खोप लगाउनुहुन हार्दिक अनुरोध समेत गरिन्छ ।













Website URL : marsyangdimun.gov.np
Facebook URL : https://www.facebook.com/marsyangdirm
Email: marysangdirm@gmail.com / info@marsyangdimun.gov.np